# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४७

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन २८ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री तिलबहादुर महत क्षेत्री
४. मा० श्री दिल कुमारी
५. मा० श्री दीपक प्रकाश भट्ट
६. मा० श्री देवप्रसाद गुरुङ
७. मा० श्री नन्दलाल रोका क्षेत्री
८. मा० श्री नविना लामा
९. मा० डा० नारायण खड्का
१०. मा० श्री नारायणप्रसाद खतिवडा
११. मा० श्री पवित्रा निरौला (खरेल)
१२. मा० श्री पार्वता डि.सी. (चौधरी)
१३. मा० श्री पार्वती कुमारी विशुन्के
१४. मा० श्री पुष्पा भुसाल (गौतम)
१५. मा० श्री प्रदिप यादव
१६. मा० श्री प्रमिला राई
१७. मा० श्री बालकृष्ण खांण

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भिमबहादुर रावल
२. मा० श्री देवेन्द्र राज कंडेल
३. मा० श्री उमाशंकर अरगरिया
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री अग्नीप्रसाद सापकोटा
६. मा० डा० अमरेश कुमार सिंह
७. मा० श्री सरिता गिरी
८. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
९. मा० श्री रामेश्वर राय यादव
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री यज्ञराज सुनुवार
१२. मा० श्री दिव्यमणि राजभण्डारी
१३. मा० श्री मीना सुब्बा
१४. मा० श्री ईन्दु कुमारी शर्मा
१५. मा० श्री मैना कुमारी भण्डारी

यसैबीच मा० श्री शान्ता चौधरीले नियमापत्ति गर्नुहुँदै मा० श्री देवेन्द्र राज कंडेलले बोल्ने क्रममा निर्मला पन्तको घटना सिंहदरबारबाट घटाईएको भनी दिनुभएको अभिव्यक्ति रेकर्डबाट हटाईयोस् भन्नुभएपछि मा० श्री मिनबहादुर विश्वकर्मले यसरी एउटा सदस्यले उठाएको विषयको जवाफ अर्को सदस्यबाट दिने कार्य नहोस् भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ ध्यानाकर्षण भएको र सो विषयमा उचित निर्णय लिइने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ८ बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अन्तर्गत प्रश्नकर्ता मा० श्री उमा रेग्मीले आफ्नो प्रश्न नं. ५ सोध्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१. मा० श्री उमा रेग्मी
२. मा० श्री डिला सँग्रौला (पंत)

३.	मा० श्री रंगमती शाही

तदुपरान्त प्रश्नकर्ता मा० श्री डिला सँग्रौला (पंत)ले आफ्नो प्रश्न नं. ६ सोध्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री डिला सँग्रौला (पंत)ले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तदुपरान्त प्रश्नकर्ता मा० श्री रामबहादुर विष्टले आफ्नो प्रश्न नं. ७ सोध्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१.	मा० श्री रामबहादुर विष्ट
२.	मा० श्री दिलेन्द्रप्रसाद बडू
३.	मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रश्नकर्ता मा० श्री प्रेम सुवालले आफ्नो प्रश्न नं. ८ सोध्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री प्रेम सुवालले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तदुपरान्त प्रश्नकर्ता मा० श्री बसन्त कुमार नेम्वाङ्गले आफ्नो प्रश्न नं. ९ सोध्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१.	मा० श्री बसन्त कुमार नेम्वाङ्ग
२.	मा० श्री घनश्याम खतिवडा
३.	मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रश्नकर्ता मा० श्री पुष्पा भुसाल (गौतम)को तर्फबाट मा० श्री लक्ष्मी परियारले प्रश्न नं. १० सोध्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१.	मा० श्री लक्ष्मी परियार
२.	मा० श्री दिव्यमणि राजभण्डारी
३.	मा० श्री राजेन्द्र कुमार के.सी.

तदुपरान्त अर्थ समितिका मा० सभापति श्री कृष्णप्रसाद दाहालले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री देवप्रसाद गुरुङ र मा० श्री बिमला वि.क.ले भाग लिनुभयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको प्रशासकीय अदालत विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित प्रशासकीय अदालत विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री रेनुका गुरुङ्ग
३. मा० श्री प्रेम सुवाल

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "प्रशासकीय अदालत विधेयक, २०७५" का सम्बन्धमा कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "प्रशासकीय अदालत विधेयक, २०७५" का सम्बन्धमा कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २६ सम्म र सम्बन्धित अनुसूची "प्रशासकीय अदालत विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "प्रशासकीय अदालत विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "प्रशासकीय अदालत विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ १ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी दिनको ३:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव